# धुनिवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धादिङ
### बागमती प्रदेश, नेपाल

## दुध उत्पादनमा आधारित अनुदान वितरणका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०९/२२

धुनिवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जुगेडी,, धादिङको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम प्रदेश सरकारबाट हस्तान्तरण सशर्त अनुदान कार्यक्रम अन्तर्गत उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रमबाट कृषकलाई दुध उत्पादनमा प्रोत्साहन अनुदान उपलब्ध गराउने हुँदा स्वीकृत कार्यविधि "स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को अनुसूची ४ को क्रियाकलाप नं. २ बमोजिम मागदावी पेश गर्ने यस कार्यक्रम सञ्चालन गर्न इच्छुक दुध उत्पादक सहकारी संस्थालाई गत आर्थिक वर्ष २०८१/०८२ को वार्षिक दुध बिक्रीको आधारमा प्रोत्साहन रकम वितरण गरिने हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस कार्यालयमा आइपुग्ने गरी तपसिलमा उल्लिखित कागजात संलग्न राखी धुनिवेशी नगरपालिका, पशुपन्छी विकास शाखामा वा कार्यालयको वेबसाईटमा उपलब्ध गराइएको आवेदन फारम भरी आवेदन दर्ता गर्नु हुन यो प्रस्ताव आह्वान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनोटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

प्रोत्साहन रकम सम्बन्धित दुध संकलन/बिक्री गर्ने कृषकहरूको बैंक खातामा उपलब्ध गराइने हुँदा निज कृषकहरूको बैंक खाता नम्बर अनिवार्य बुझाउनु पर्नेछ ।

<u>तपसिलः</u>

| सि.नं. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन हुने स्थान | अनुदान रकम रु. |
|---|---|---|---|
| १ | उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान | धुनिवेशी नगर क्षेत्र भरी | ४,९०,०००/- |

<u>आवश्यक कागजातहरूः</u>

१. सहकारी दर्ता र स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

२. गत आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

३. वार्षिक साधारण सभाको प्रमाणित प्रतिलिपि ।

४. वार्षिक दुध बिक्रीको परिमाण खुल्ने कृषकहरूको प्रमाणित नामावली ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# धुनिबेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धादिङ

बागमती प्रदेश, नेपाल

५. गत आ.व. २०८१/०८२ संस्थागत रूपमा दूध खरिद र बिक्री गरेको प्रमाणित विवरण।

६. गत आ.व. २०८१/०८२ संस्थागत रूपमा सहकारी संस्थाले दुध बिक्री गरे वापत भुक्तानी बुझेको बैंक भौचरको प्रतिलिपि।

७. गत आ.व. को दुध बिक्री वापत कृषकले भुक्तानी रकम बुझेको भरपाई वा बैंक स्टेटमेन्ट ।

८. सम्बन्धित वडा कार्यालयको वार्षिक दुध संकलनको यथार्थ परिमाण र संकलन अवधी खुल्ने सिफारिस पत्र ।

९. सम्बन्धित कार्यविधि बमोजिमको प्रस्ताव र स्वघोषणा पत्र ।

१०. कृषकको बैंक खाता नम्बरको प्रमाणित विवरण ।

..............................

विनोद कुमार खनाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner